कमलामाई नगरपालिका
KAMALAMAI MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
सिन्धुलीमाढी, सिन्धुली
SINDHULIMADHI, SINDHULI
बागमती प्रदेश, नेपाल
BAGMATI PROVINCE, NEPAL

सूचना । सूचना ।। सूचना ।।।

सूचना प्रकाशित मितिः-२०८२/०२/०८ गते

यस नगरपालिका कार्यालय अन्तर्गत पशु विकास शाखाको आ.व २०८१/०८२ को प्रदेश सरकारबाट हस्तान्तरित "उत्पादनमा आधारित दुधमा प्रोत्सहन अनुदान" कार्यक्रम संचालनको लागि विगतका २ वर्षसम्म सोहि शिर्षकमा अनुदान नलिएका यस कमलामाई नगरपालिका क्षेत्र भित्रका नियमानुसार दर्ता भएका दुग्ध उत्पादक सहकारी संस्थाहरुले कृषकलाई दूधमा अनुदान दिनका लागि निवेदन/प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । सुचना प्रकाशित भएको मितिले १५ दिन ( २०८२/०२/२२ गते) भित्र तपशिलका कागजात सहित कमलामाई नगरपालिका पशु विकास शाखामा निवेदन/प्रस्ताव पेश गर्न हुन अनुरोध छ। निवेदन/प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजानिक विदा परेमा सो को भोलिपल्ट प्रस्ताव पेश गर्न सकिनेछ। साथै रित नपुगि आएको र समायावधि समाप्त भइ आएको निवेदन/प्रस्ताव उपर कुनै कार्वाही नहुने समेत जानकारी गराइन्छ ।

**तपशिलः**

| क्र.सं. | कार्यक्रम | विनियोजित रकम | कैफिएत |
|---|---|---|---|
| १. | उत्पादनमा आधारित दुधमा प्रोत्सहन अनुदान | ७,६४,०००।०० (सात लाख चौसठ्ठी हजार मात्र) | |

**आवश्यक कागजात तथा मापदण्डः**

- अनुसुचि २ अनुसारको संक्षिप्त कार्य योजना-(स्थानीय तह तथा प्रदेशमा हस्तान्तरित कार्यक्रमको कार्यविधि २०८१),
- अनुसुचि ३ को ढाँचा अनुसारको निवेदन-(स्थानीय तह तथा प्रदेशमा हस्तान्तरित कार्यक्रमको कार्यविधि २०८१),
- अनुसुचि १ अनुसारको प्रतिवद्धता पत्र-(स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यानव्यन कार्यविधि २०८१),
- कम्तिमा २ वर्षसम्म सोही शिर्षकमा अनुदान नलिएको प्रतिबद्धता पत्र,
- सम्बन्धित वडा कार्यालयको सिफारिस,
- कमलामाई नगरपालिका वा सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,
- स्थाइ लेखा नं. (PAN) प्रमाण पत्रको प्रतिलिपि,
- आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
- आ.व. २०८०/०८१ को सहकारीको अडिड रिपोर्टको प्रतिलिपि,
- सहकारीको सञ्चालक समितिको निर्णयको प्रतिलिपि,
- सूचना प्रकाशित भएको मिति भन्दा अघिल्लो दिनसम्म नियमानुसार सम्बन्धित निकायमा र आन्तरीक राजश्व कार्यालयमा निवार्य रुपमा दर्ता भएको हुनु पर्नेछ ।

❖ *अन्य विस्तृत जानकारीका लागि कमलामाई नगरपालिका पशु विकास शाखामा सम्पर्क गर्न हुन अनुरोध छ।*

सुशिल कुमार वर्मा
अधिकृतस्तर (आठौं)
प्रशासन शाखा प्रमुख